“स्थानीय तहको सञ्चार सारथी”

# पालिका सन्देश

साप्ताहिक

।। वर्ष : २ ।। अंक : ८ ।।  ।। २०८१ असार २६ बुधबार ।। 10 July 2024, Wednesday ।। पृष्ठ : ४ ।। मूल्य : रु. ५/- ।।  www.palikasandesh.com

**पालिका सन्देश सूचना !**

*पत्रिका नियमित नभएमा, ठेगाना परिवर्तन गर्नुपरेमा, समाचार, सूचना तथा विज्ञापन प्रकाशन गर्नुपरेमा वा अन्य कुनै गुनासो भएमा ९८६१०४२८०४ नम्बरको वाट्सपमा म्यासेज गर्न सक्नुहुनेछ। वा सिधै फोन गर्न सक्नुहुनेछ।*

## बुद्धशान्तिमा देशकै तेस्रो लामो झोलुङ्गे पुल शिलान्यास

**बुद्धशान्ति (पालिका सन्देश)।** झापाको बुद्धशान्ति गाउँपालिकाका वडा नं. ६ र ७ जोड्नका लागि देशकै तेस्रो लामो झोलुङ्गे पुलको शिलान्यास भएको छ । सोमबार एक कार्यक्रमकाबीच नेपाली काँग्रेसका महामन्त्री तथा झापा क्षेत्र नं. १ बाट निर्बाचित प्रतिनिधि सभा सदस्य विश्वप्रकाश शर्माले शिलान्यास गरेका छन् ।

बुद्धशान्ति गाउँपालिका-७ को वडा कार्यालय नजिकै टिमाई खोलामाथी निर्माण हुने ४७६ मिटर लम्बाइको झोलुङ्गे पुल सञ्चालनमा आएपछि बुद्धशान्ति गाउँपालिकाका दुई वटा वडाहरूलाई मात्रै जोड्ने नभइ यसले इलाम र झापाका गाउँहरूलाई पनि जोड्ने सांसद शर्माले बताए ।

थानी जगदम्बा जेभी काठमाण्डौले निर्माण गर्ने झोलुङ्गे पुलको ठेक्का रकम ५ करोड ९८ लाख ८१ हजार ७६१ रूपैयाँ ३५ पैसा रहेको छ । २०८१ जेठ २४ गते ठेक्का सम्झौता भएको पुलको निर्माण २०८३ जेठ २३ गते भित्रमा निर्माण सम्पन्न गरिसक्नु पर्नेछ । कोलबुंगे गौँडा रमिते झोलुङ्गे पुल कोशी प्रदेशकै



बाँकी पृष्ठ २ मा

## बिर्तामोड बसपार्कको जग्गामा मालपोतको ‘अघोषित’ प्रतिबन्ध

■ **सुब्रत न्यौपाने**

**झापा ।** सर्वोच्च अदालतको फैसलापछि मालपोत कार्यालय झापाले बिर्तामोड बसपार्क क्षेत्र वरपरको ५१ विघा जग्गाको बिक्री वितरण बन्द गरेको छ । निजी तथा व्यबसायिक प्रयोजनका लागि त्यस क्षेत्रको जग्गाको कारोबारमा मालपोत कार्यालयले ‘अघोषित’ प्रतिबन्ध लगाएको हो । गिरीबन्धु टी स्टेट प्रालिले हदवन्दी छुट पाएकोमध्ये १५ वर्षअघि सार्वजनिक तथा निजी प्रयोजन र बिक्री वितरणमा गइसकेको ५१ विघा जग्गाको स्वामित्वको विषयमा अनेकथरि अड्कलबाजी छन् ।

सर्वोच्च अदालतको फैसलापछि उत्पन्न अन्योलकाबीच मालपोत कार्यालयले बसपार्क क्षेत्र वरपरको जग्गाको व्यक्तिगत तथा व्यबसायिक प्रयोजनको काम रोकेको हो । सरकारी निर्णयका आधारमा आफ्नै क्षेत्रका जनताले खरिद बिक्री गरेको जग्गाको किनबेच अघोषित रूपमा बन्द भएपछि जनप्रतिनिधिका हिसाबले सभामुख देवराज घिमिरेले आफैँ सरोकारवालालाई बोलाएर छलफल गरेका छन् ।

‘अदालतको फैसलापछि जनस्तरमा उत्पन्न अन्योलप्रति म असाध्यै चिन्तित भएको छु’, जनप्रतिनिधि र प्रशासन प्रमुखसँगको छलफलमा सभामुख घिमिरेले भने, ‘जनतालाई अन्याय नहुने गरी समाधान खोज्ने मेरो प्रयास रहनेछ ।’ सर्वोच्चको फैसलापछि बिर्तामोड बसपार्क क्षेत्र वरपरको ११५३ कित्ता जग्गाको कारोबार रोक्का भएको हो । जग्गाको किनबेच, बैंकिङ प्रयोजनका लागि धितोपास लगायतका काम रोकिएका छन् ।

फैसलाको स्पष्ट व्याख्या नभएकाले तत्कालका लागि त्यस क्षेत्रका जग्गाको काम रोकिएको मालपोत कार्यालय झापाका प्रमुख शेरबहादुर भण्डारी बताउँछन् । उत्पन्न अन्योललाई चिर्न आफूले भूमिसुधार मन्त्रालयलाई पत्र पठाए पनि अझैसम्म त्यसको प्रतिउत्तर नआएको मालपोत प्रमुख भण्डारीले बताए ।

वडा कार्यालयले भने सम्बन्धित जग्गाधनीलाई घरबाटो, चारकिल्ला सिफारिस दिइरहेका छन् । तर, मालपोत कार्यालयले त्यसलाई अस्वीकार गर्दै आएको अर्जुनधारा-११ का वडाध्यक्ष खगेन्द्र इङनामले बताए । सर्वोच्चले गत माघमा गरेको फैसलामा ‘गिरीबन्धु टी स्टेट प्रालिको हदबन्दी प्रयोजनका लागि जग्गाको क्षेत्रफल गणना गर्दा २०६० सालको निर्णय बमोजिम हस्तान्तरण गरिएको ५१ बिघा जग्गालाई समेत कुल हदबन्दी क्षेत्रफल कायम गर्ने प्रयोजनका लागि गणना गर्नु’ भन्ने उल्लेख छ । सर्वोच्च अदालतको संवैधानिक इजलासको फैसलामा व्यक्तिका नाममा गइसकेको ५१ बिघा जग्गाको हकमा भनिएको छ,

बाँकी पृष्ठ २ मा






# कोशी प्रदेशमा एक महिनामा विपद्मा परी १८ जनाको मृत्यु

**झापा (पालिका सन्देश) ।** नेपालमा मनसुन भित्रिएको दिन, २८ जेठयता प्राकृतिक बिपद्मा परी ७४ जनाको मृत्यु भएको छ । अबिरल वर्षाको कारण जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरो लगायतका बिपद्मा परी हिजोसम्म ७४ जनाको मृत्यु र ५ बेपत्ता भएको गृह मन्त्रालयले जनाएको छ ।

बिपद्मा परी कोशी प्रदेशमा १८ जना, मधेशमा ३, बागमतीमा ५, गण्डकीमा २२, लुम्बिनीमा १८, कर्णालीमा ४ र सुदूरपश्चिम प्रदेशमा ४ जनाको मृत्यु भएको हो । प्राकृतिक बिपद्मा परी ८८ जना घाइते भएको मन्त्रालयको तथ्यांक छ । ५३ जनाको सकुशल उद्दार गरिएको गृह मन्त्रालयले जनाएको छ । २८ जेठयता बिपद्का घटनाबाट २ हजार २९६ घर परिवार बिस्थापित भएका छन् । यो अवधिमा बाढीको कारण १६१ घर डुबानमा परेका छन् । ९४ वटा घर, ५३ वटा गोठ, ४१ वटा पुल, एउटा विद्यालय र दुइटा सरकारी कार्यालयमा क्षति पुगेको छ । ३३५ वटा पशु चौपायाको मृत्यु भएको छ ।

कोशी प्रदेश विपद् व्यबस्थापन पोर्टल सार्वजनिक

ोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेशलाई प्रविधिमैत्री बनाउन सरकारले हरसम्भव प्रयास गर्ने बताएका छन् । आन्तरिक मामिला तथा कानुन मन्त्रालयले निर्माण गरेको 'कोशी प्रदेश बिपद् व्यबस्थापन पोर्टल'को उद्घाटन गर्दै उनले बिपद्बाट हुने क्षतिलाई न्यूनीकरण गर्न र जनताको जीउधनको सुरक्षा गर्न प्रदेशलाई प्रविधिमैत्री बनाउन सरकार तत्पर रहेको बताएका हुन् ।

आगलागी, बाढी, पहिरो, जंगली जनावरको आक्रमणको जोखिम क्षेत्र लगायत सबै प्रकारका बिपद्को उच्च जोखिममा रहेका स्थानहरूको पहिचान गरी त्यस्ता क्षेत्रमा निःशुल्क इन्टरनेट सेवा प्रदान गर्न र त्यसमार्फत नागरिकलाई बिपद्को पूर्वसूचना प्रवाह गर्न आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई उनले निर्देशन दिए ।

प्रदेशलाई प्रविधिमैत्री बनाउन के कस्तो कानुनी र नीतिगत प्रबन्ध गर्नुपर्छ र यसका लागि के कस्तो जनशक्ति तथा बजेटको व्यबस्था गर्नुपर्छ त्यसको प्रबन्ध गरिने उनले प्रतिबद्धता व्यक्त गरे । सरकारले निर्माण गरेका यस्ता एप तथा पोर्टलहरूको प्रभावकारिताको बारेमा समय समयमा अध्ययन गर्न उनले निर्देशन दिए ।

'सरकारले यस्ता एपहरू बनाउने र केहि समयपछि निस्प्रभावी हुने हो भने बनाउनुको कुनै अर्थ हुँदैन,' उनले भने, 'त्यसैले यस्ता पोर्टलहरूको प्रभावकारिताको बारेमा अध्ययन गर्ने, यसले समाजमा पारेको सकारात्मक र नकारात्मक सबै प्रभावको बारेमा बेलाबेलामा अपडेट गर्नुपर्छ ।'

एक लाख रूपैयाँ लागतमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयले निर्माण गरेको सो पोर्टलमा वाढीपहिरो आउने स्थानका नागरिकहरूलाई पूर्वसूचनाको जानकारी दिनुका साथै प्रहरी, एम्बुलेन्स लगायत आकस्मिक सेवाका लागि फोन गर्न सकिने सुविधा समेत उपलब्ध छ ।

पोर्टलमा नागरिक सुझाव, गुनासो, स्थलगत आकस्मिक सम्पर्क, प्रक्रियागत अवस्थामा आधिकारिक भिडियो सम्बोधन, न्यूज फिड लगायतका सुविधा छन् ।

# शोकमा परेका परिवारलाई काजकिरिया खर्च

**ताप्लेजुङ ।** ताप्लेजुङको फुङ्लिङ नगरपालिका–८ ले मृतक परिवारलाई काजकिरिया खर्च दिने भएको छ । वडा कार्यालयले आगामी आर्थिक वर्षदेखि वडाबासी नागरिकको मृत्यु भएमा मृतकका परिवारलाई काजकिरिया खर्च उपलब्ध गराउने भएको हो । वडाध्यक्ष क्षितिज सुनुवारका अनुसार मृतकका परिवारलाई किरिया खर्चबापत १० हजार रूपियाँ वडाले उपलब्ध गराउने भएको हो । मृत्यु संस्कारअन्तर्गत गरिने किरिया वा शुद्धाई कार्यमा सहयोग पुर्‍याउने उद्देश्यले मृतकका परिवारलाई किरिया खर्च उपलब्ध गराइने भएको वडाध्यक्ष सुनुवारले जानकारी दिए ।

थोरै रकम भए पनि आफ्ना सदस्य गुमाएर शोकमा परेका परिवारलाई मृतकको काजकिरियामा राहत पुग्ने विश्वास राखिएको सुनुवारले बताए ।

घर जग्गा खरिद बिक्रीका लागि सदैव
हामीलाई सम्झनुहोस् ।
झापाली दाहाल्स मल्टी पर्पोज कम्पनी प्रा.लि
बुद्धशान्ति-३, बुधबारे, झापा
मनेष दाहाल — प्रोपाइटर
निर्देश गुरुङ — व्यवस्थापक
सम्पर्क : ९८५२६७८६४५, ९८४२६९६८८८




# धानको मूल्यमा वर्षेनि बृद्धि, किसानले पाउँदैनन् मूल्य

**झापा (पालिका सन्देश) ।** सरकारले धानको समर्थन मूल्यमा बृद्धि गरेको छ । मध्यम धानको समर्थन मूल्य तीन हजार ५८० रूपियाँ ६२ पैसा र मोटा धानको न्यूनतम समर्थन मूल्य तीन हजार ४१० रूपियाँ ५१ पैसा प्रतिक्विन्टल तोकेको छ ।

गत वर्षभन्दा यस पटक मध्यम धानको प्रतिक्विन्टलमा २१८ रूपियाँ ६२ पैसा र मोटा धानको २१२ रूपियाँ ५१ पैसाले बृद्धि भएको छ । विगत पाँच वर्षदेखि धानको मूल्य लगातार बृद्धि हुँदै आइरहेको छ । सरकारले आर्थिक वर्ष २०७६–७७ मा माध्यम धानको मूल्य दुई हजार ६७३ रूपियाँ १६ पैसा र मोटा धानको दुई हजार ५३० रूपियाँ तोकिएको थियो । आव २०७७–७८ मा माध्यम धानको मूल्य दुई हजार ८८५ रूपियाँ र मोटा धानको दुई हजार ७३५ रूपियाँ तोकिएको थियो ।

त्यस्तै आव २०७८–७९ मा माध्यम धानको मूल्य दुई हजार ९०९ रूपियाँ र मोटा धानको दुई हजार ७५२ रूपियाँ तोकिएको थियो । आव २०७९–८० मा माध्यम धानको मूल्य तीन हजार १२८ रूपियाँ र मोटा धानको दुई हजार ९६७ रूपियाँ तोकिएको थियो भने २०८०–८१ मा माध्यम धानको मूल्य तीन हजार ३६२ रूपियाँ र मोटा धानको तीन हजार १९८ रूपियाँ तोकिएको थियो ।

कृषिमा बढेको लागत, किसान तथा सरोकारवालाको सुझाव र बजार मूल्यबृद्धिलाई आधार मानेर कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिस अनुसार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रस्तावमा धानको समर्थन मूल्य तोक्दै आएको छ ।

सरकारले समर्थन मूल्य तोक्दा किसानले लागत अनुसार मूल्य कम भएको गुनासो गर्दै आएका थिए । खाद्यका लागि कृषि अभियानका संयोजक उद्धव अधिकारीले सरकारले न्यूनतम समर्थन मूल्य भनेर तोक्छ तर व्यापारीले सो मूल्यमा किसानसँग घटाएर खरिद गर्ने गरेको बताए । उनले भने, "अहिले जुन मूल्य तोकेको छ त्यो पनि पर्याप्त होइन, यो पनि किसानको लागत अनुसारको मूल्य होइन ।"

गत वर्षदेखि सरकारले रोपाइँकै बेलामा धानको समर्थन मूल्य तोक्ने गरेको छ । त्यसअघि धान काटेर व्यापारीले धान खरिद गर्न थालेपछि सरकारले समर्थन मूल्य तोकिन्थ्यो जुन प्रभावकारी हुँदैन्थ्यो ।

सरकारले मूल्य तोके पनि व्यापारीले त्यसको आधारमा धान खरिद गर्न चाहँदैनन् । व्यापारीले खरिद गर्न नमानेपछि किसान सस्तो मूल्यमा बिक्री गर्न बाध्य हुने गरेको उनले बताए । सरकारले हरेक वर्ष किसानको हितमा न्यूनतम समर्थन मूल्य तोक्दै आएको भए तापनि बिचौलियाले तोकिएको मूल्यभन्दा कममै खरिद गर्ने गरेको गुनासो किसानले गरेका छन् ।

## ३५ प्रतिशत रोपाइँ

**झापा ।** असारको तेस्रो सातासम्म देशभरि ३९ प्रतिशत धान रोपाइँ भएको छ । कृषि विभागका अनुसार धान रोपाइँ हुने कुल क्षेत्रफल १३ लाख ९८ हजार २७३ हेक्टर मध्ये ५ लाख ३९ हजार ८ सय हेक्टर अर्थात ३९ प्रतिशत धान रोपाइँ भएको हो ।

यो पटक २३ असारसम्म गत वर्षभन्दा ४ प्रतिशतले कम रोपाइँ भएको हो । गत वर्ष २३ असारसम्म ४२ दशमलव ९ प्रतिशत अर्थात ६ लाख ४२ हजार २८४ हेक्टरमा रोपाइँ भएको थियो । कोशी प्रदेशमा ३५ प्रतिशत रोपाइँ भइसकेको विभागले जनाएको छ ।




अबतपाई हाम्रो शहर बुधबारेमा
लिला डाइग्नोष्टिक सेन्टरमा उपलब्ध सेवाहरु :
डा.दिनेश पोखेल
एमबीबीएस एमडी रेडियोलोजिस्ट
भिडियो एक्स्रे, युसीजी सेवा
(प्रत्येक आइतबार र मंगलबार बिहान १०:०० बजेदेखि)
डा. आकाश कोइराला
एमबीबीएस एमडी, बरिष्ठ फिजिसियन (BPKIHS DHARAN)
पेट, छाती, दम, मुटु रोग बिशेषज्ञ
(प्रत्येक दिन दिनको ३:०० बजेबाट)
डा.दिपायल पाण्डे
एमबीबीएस एमडी (BPKIHS DHARAN)
बरिष्ट छाला, यौन तथा सौन्दर्य रोग विशेषज्ञ
डेल्फी स्किन दमकबाट (हरेक बिहीबार १:०० बजेबाट)
डा.ज्योती अग्रवाल
एमबीबीएस एमडी (BPKIHS DHARAN)
बरिष्ट बाल रोग तथा नवजात रोग बिशेषज्ञ
(प्रत्येक मंगलबार र शनिबार)
डा. अजय अग्रवाल
एमबीबीएस एमडी (BPKIHS DHARAN)
वरिष्ठ स्त्री तथा प्रशुती रोग विशेषज्ञ
(प्रत्येक मंगलबार र शनिबार)
नोट : यहाँ प्याथोलोजी, ल्याब, भिडियो एक्सरे, फार्मेसीको सुविधा समेत उपलब्ध छ ।
दैनिक डिजिटल एक्सरेको सेवासँगै थाइराइड, भिटामिन बी १२, भिटामिन डी पनि दैनिक परिक्षण गरिन्छ ।
लिला डाइग्नोष्टिक सेन्टर
बुद्धशान्ति–१, बुधबारे बजार (बीच चोक) पुरानो चिउरा मिल अगाडि
सम्पर्क नं. ९८२४२०५३३०/९८४९५०९८१७




पी.एस.टी नेपाल मिडिया प्रा.लि.द्वारा प्रकाशित **पालिका सन्देश साप्ताहिक**, कार्यालय : **बुद्धशान्ति-३ झापा**, सम्पर्क : ९८६१०४२८०४, सम्पादक : **तीर्थराज तिम्सिना**
क.दर्ता नं : **२६०८९९/०७७/०७८**, इमेल : *palikasandesh@gmail.com, tirthatimsina508@gmail.com*, ले-आउट : **सन्तोष शर्मा**, मुद्रण : **श्री गणपति अफ्सेट प्रेस**, बिर्तामोड, झापा ।

## प्रेरक भनाइ

आफैमाथि बिजय गर्नु सबैभन्दा श्रेष्ठ र महानतम बिजय हो ।
– प्लेटो ।

## सम्पादकीय

# विपद्बाट जोगिऔँ

**अविरल बर्षाको कारण देशका विभिन्न स्थानमा आएको बाढी, पहिरो लगायतका बिपद्का घटना बढ्दै गएको छ। एक महिनायता ७४ जनाले ज्यान समेत गुमाएका छन्। नेपालमा हुने बर्षामध्ये ८० प्रतिशत बर्षातको समय अर्थात् जेठ–भदौबीचमा हुने गर्दछ। यसरी छोटो समयमा अत्यधिक बर्षा हुँदा मुलुकमा रहेका हजारौं खोलानालामा पानीको सतह र बहाव ह्वात्तै बढ्ने र यसले पहाडी क्षेत्रमा पहिरो, भेल, आकस्मिक बाढी र तराईमा बाढी, डुबान तथा जमिन कटानजस्ता बिपद् निम्त्याउने गरेको देखिन्छ। खासगरी मनसुनको समयमा बाढी, पहिरो, जमिन कटान, चट्याङ, झाडापखाला, टाइफाइड, सर्पको टोकाइबाट अधिकतर मानिसहरू प्रभावित हुने गर्दछन्। यसले मानवीय क्षतिसँगै व्यक्तिगत घर, सार्वजनिक सम्पत्तिका रुपमा रहेका पुलपुलेसा, सडक, खानेपानीका संरचना, जलविद्युत आयोजना, विद्यालय, स्वास्थ्य संस्था, सरकारी भवनलगायतमा ठूलो क्षति हुने गर्दछ।**

**गत जेठ २८ गतेयता बाढी, पहिरो लगायतका बिपद्मा परी देशभरीमा ७४ जनाको मृत्यु भएको प्रहरी प्रधान कार्यालयले तथ्यांक सार्वजनिक गरेको छ। साथै बिपद्मा ८८ जना घाइते भएका छन्। यसैगरी ५ जना वेपत्ता भएका छन्। वेपत्ताको खोजी कार्य जारी रहेको प्रहरीको भनाइ छ। बाढीको कारण जम्मा एक सय एकसठ्ठी घर डुबानमा परेका छन्। ९४ वटा घर, ५३ वटा गोठ, ४१ वटा पुल, १ वटा विद्यालय र २ वटा सरकारी कार्यालयमा क्षति पुगेको छ। ३ सय ३५ वटा पशु चौपायको मृत्यु भएको छ। उक्त अवधिमा बिपद्का घटनाबाट २ हजार २ सय ९६ घर परिवार बिस्थापित भएको प्रहरीले जनाएको छ।**

**बिपद् व्यबस्थापनका लागि संघीय सरकार, प्रदेश र स्थानीय सरकारले विभिन्न कानुन निर्माण गरेका छन्। तिनै कानूनका अधिनमा रहेर बिपद् जोखिम कम गराउन क्रियासिल हुने गर्दछन्। बिपद् व्यबस्थापन दिग्दर्शन २०७१, बिपद् जोखिम न्यूनीकरण तथा व्यबस्था ऐन २०७४, बिपद जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८–२०३०, राष्ट्रिय बिपद जोखिम न्यूनीकरण नीति २०७५, राष्ट्रिय बिपद् प्रतिकार्य कार्यढाँचा र मनसुन पुर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजनामा केन्द्रित रहेर संघीय सरकारको बिपद् व्यबस्थापन टोलीले काम गर्दछ भने प्रदेश र स्थानीयस्तरमा पनि ऐनका अतिरिक्त प्रादेशिक बिपद् प्रतिकार्य कार्यढाँचा र स्थानीय बिपद् प्रतिकार्य कार्यढाँचामार्फत काम गर्ने गर्दछन्। तर, कतिपय बेला संघ, प्रदेश र स्थानीय तहबीच उद्धार तथा राहतमा तालमेल नहुने र बढी क्षति व्यहोर्नुपरेका घट्नाहरू पनि छन्। यस्ता विषयमा सम्बन्धित निकाय र सरोकारवाला समयमै सचेत भई अग्रताका साथ जोखिम न्यूनकिरणमा खटिनु अहिलेको आवश्यकता हो।**

# एलन मस्कका लागि रकेट उडाउनु बच्चाको खेल



❍ भुवन तामाङ

अमेरिकाका धनाढ्य एलन मक्सबारे धेरैलाई थाहा हुनसक्छ । मस्क टेस्ला ब्रान्डको कार निर्माता हुन् । उनको टेस्ला कारबारे संसारभर चर्चा चलिरहन्छ । कार संसारकै उत्कृष्ट र निकै सुरक्षित छ भनिन्छ । तर मक्स रकेट निर्माता कम्पनीका मालिक पनि हुन् ।

मस्कको स्पेस एक्स नामक स्पेस कम्पनि संचालनमा छ । संसारकै धनाढ्यको श्रेणीमा पर्न सफल मस्कको अन्तरीक्ष सपना अनौठो छ । त्यही सपनाका कारण पनि होला मस्कले स्टारलिंक नामक इन्टरनेट कनेक्टिभिटी सेवा अन्तरीक्षबाट स्याटेलाईटका माध्यमबाट पृथ्वीमा दिन थालेका छन् । स्पेस एक्स कम्पनिको रकेटहरूले स्टारलिंकका हजारौँ स्याटेलाईटहरू अन्तरीक्ष कक्षमा प्रक्षेपण गरेका छन् । ती स्याटेलाईटहरू पृथ्वी वरिपरि घुम्दै इन्टरनेट कनेक्टिभिटी सेवा दिइरहेका छन् ।

मस्कको कार सपना भन्दा अन्तरीक्ष सपना धेरै भएको भान पर्दछ । हुन पनि हो, उनले स्टारलिंक जस्तो प्रविधि अन्तरीक्षमा स्थापित गरिसकेका छन् । त्यस्का लागि मस्कको स्पेस एक्स कम्पनिले कैयन रकेट उडाइसकेको छ । रकेट बनाउनु र उडाउनु कुनै गाह्रो कुरा होइन जस्तो गरी बच्चाहरूले तिहारमा पटका रकेट उडाए जसरी मस्क रकेट अन्तरीक्ष तर्फ घरिघरि उडाइहन्छन् ।

जुन २३, २०२४ मा मस्कको कम्पनि स्पेस एक्सले डबलहेडरका साथ अन्तरीक्षमा अन्वेषणका लागि रकेड उडायो । भान्डेनबर्ग स्पेस फोर्स बेस, सीए, संयुक्त राज्य अमेरिकाबाट प्रक्षेपण गरिएको रकेटले डुअल स्टारलिंक उपग्रह लिएर गएको छ । यो कार्यलाई स्पेस एक्स कम्पनिको लागि माइलस्टोन उपलब्धी मानिएको छ । कम्पनीले आफ्नो स्टारलिंक इन्टरनेट उपग्रहहरूको दुई अलग–अलग ब्याचहरु प्रक्षेपण गरी तिनीहरूलाई दुई अमेरिकी तटबाट फाल्कन नौ रकेटको कक्षमा तैनाथ गरेको छ । फाल्कन नौ रकेटले प्रारम्भिक मिशनको क्रममा २२ स्टारलिंक उपग्रहहरु अन्तरिक्षमा पुर्याएको छ । जुन २४ मा अर्को फाल्कन नौ रकेटले थप २० स्टारलिंक उपग्रहहरु लगेको छ ।

पछिल्लो रकेट उडानलाई किन पनि महत्वपूर्ण मानिएको छ भने, रकेट पुनः पृथ्वी मै फर्कने प्रविधियुक्त छ । जुन लिफ्टअफ भएको केही समय पछि स्याटेलाईटलाई अन्तरीक्षमा हुत्याएर रकेट चाहिँ समुद्रमा अडिएको स्पेसएक्स ड्रोनशिपमा फिर्ता अवतरण हुन्छ । किनकि यो स्पेस सीप पुनः प्रयोग गर्न मिल्ने गरी बनाइएको छ । जसले गर्दा स्पेसएक्सको पुनः प्रयोज्य रकेट टेक्नोलोजीमा अर्को माइलस्टोन उपलब्धी बनेको छ । यस प्रविधिलाई अर्बिटल लन्च सिस्टम या भेहिकल पनि भनिन्छ । यी प्रक्षेपणहरूले स्पेसएक्सका लागि २०२३ मा ६३ औँ र ६४ औँ कक्षीय उडानहरु र २०२४ को ४५ औँ र ४६ औँ मिशनलाई पुरा गरेर पृथ्वीको तल्लो कक्षमा स्टारलिंक मेगा उपग्रह विस्तार गर्न समर्पित रहन सफल रह्यो ।

पहिलाका रकेटहरू एक पटकमात्र काममा आउँथे । रकेटको अघिल्लो भाग अर्थात अन्तरीक्ष यात्री बस्ने क्याप्सुल पृथ्वीमा फर्के पनि पुनः प्रयोग हुँदैन थिए तर स्पेस एक्सले रकेटलाई पुनः प्रयोग सम्भव बनाएको छ । जसलाई प्रक्षेपण हेडर नाम दिइएको छ । उपग्रह अन्तरीक्षमा प्रक्षेपण गर्ने र प्रक्षेपण हेडरचाहिँ पुनः पृथ्वीमै सुरक्षित अतरण गर्ने र फेरी अर्को उपग्रह लिएर उड्ने र फेरी फर्कन सक्छ ।

हाल छ हजार एकसय भन्दा बढी उपग्रहहरु समावेश गर्दै स्टारलिंक नेटवर्कले विश्वव्यापी इन्टरनेट कभरेज प्रदान गर्ने लक्ष्य राखेको छ । कम्पनीले यसअघि मे २२ मा भान्डेनबर्ग र केप क्यानाभेरलबाट मिसन लिएर यस्तै उपलब्धि हासिल गरेको थियो भने अर्को दिन नासाको केनेडी स्पेस सेन्टरबाट स्टारलिंकको अर्को उपकरण प्रक्षेपण गरेको थियो । स्टारलिंकको यस अभियान स्पेस स्टेसन निर्माण गर्नु नभएपनि स्टारलिंकका स्याटेलाइट नेटवर्कको महाजाल फैलाउन गर्न सफल भएको छ । अन्तरीक्षमा स्टारलिंकका हजारौँ स्याटेलाईटहरू लहरै पृथ्वी वरिपरी घुमिरहेका छन् ।

स्पेस एक्स कम्पनी एलन मस्कले सन् २००२ मा स्थापना गरेका हुन् । अन्तरीक्ष यातायात लागत कम गर्ने र अन्ततः मंगल ग्रहमा दिगो उपनिवेश विकास गर्ने लक्ष्यका साथ कम्पनी शुरू गरेका थिए । कम्पनीले हाल फाल्कन नौ र फाल्कन हेभी रकेटका साथै ड्रागन र स्टारशिप अन्तरीक्ष यानको उत्पादन र सञ्चालन गरिरहेको छ । स्पेस एक्सका अनुसार फाल्कन नै एक पुनः प्रयोग गर्न सकिने, दुई–चरण रकेट हो जुन पृथ्वीको कक्षमा र बाहिर मानिसहरु र पेलोडहरूको भरपर्दो र सुरक्षित परिवहनको लागि निर्माण गरिएको छ ।

यसरी पृथ्वीका कैयन देशहरूले अन्तरीक्ष कार्यक्रममा एकपछि अर्को फट्को मारिरहेका छन् तर नेपाल भने कहाँ छ ? वैज्ञानिक महावीर पुन आविष्कार केन्द्रबाट कराइरहेका छन्, सरकार अब त आँखा खोल । नेपालका वैज्ञानिकहरू पनि कम छैनन् केही त सहयोग गर भनेर गुहार मागिरहेका छन् तर नेपाल सरकार महावीर पुनलाई वैज्ञानिक नै ठान्दैन सायद । एलन मस्कको जस्तो सपना भएका महावीर पुन र लाखौँ उत्साही नेपाली युवाहरूको वैंज्ञानिक तथा आविष्कार सपना कहिले साकार होलान् ?

## नेपाली बजारमा घट्यो सुनको आयत

**झापा ।** नेपाली बजारमा सुनको आयात घटेको छ । ११ महिनामा बजारमा सुनको आयात ४० प्रतिशतले घटेको हो । भन्सार विभागको तथ्याङ्क अनुसार चालु आर्थिक वर्षको ११ महिनामा सुनको आयात ४० प्रतिशतले घटेर २५ अर्ब ७४ करोड २५ लाख ७७ हजार रूपियाँ बराबरको दुई हजार ६५१ केजी सुन आयात भएको छ । गत वर्ष सो अवधिमा ४३ अर्ब ५३ करोड ९२ लाख ८८ हजार रूपियाँको आयात भएको थियो । यो वर्ष सुनको मूल्य लगातार बढेपछि बजारमा खपत कम हुँदा आयातमा समेत कमी आएको हो । गत आवभरिमा ४३ अर्ब ८९ करोड ९८ लाख ९१ हजार रूपियाँको सुन आयात भएको थियो ।

यसैबीच चाँदीको आयात भने ३४ प्रतिशतले बढेको छ । विभागको तथ्याङ्क अनुसार चालु आवको ११ महिनामा तीन अर्ब १५ करोड १३ लाख १७ हजार रूपियाँ बराबरको चाँदी आयात भएको छ । गत वर्ष सो अवधिमा दुई अर्ब ३३ करोड ९७ लाख ६३ हजार रूपियाँ बराबरको चाँदी आयात भएको थियो ।

## सोनु, अर्जुन र अनिस बने रोङ गट ट्यालेन्ट

**रोङ (पालिका सन्देश) ।** इलामको रोङ गाउँपालिकाले सञ्चालन गरेको रोङ प्रतिभाको खोजीको फाइनल अडिसनमा गायन, नृत्य र कविता बिधामा सञ्चालन भएको प्रतियोगितामा नृत्य तर्फ सोनु लावती प्रथम, सरस्वती मुखिया दोश्रो र आरध्या अर्याल तेश्रो भएका छन् ।




त्यसैगरी निस्ता राई चौथो र प्रज्ञा भूजेल पाँचौ भएका छन् । त्यसैगरी गायनमा अर्जुन खड्का प्रथम, शौगात शुब्बा दोश्रो र एलिना राई तेश्रो घोषित भएका छन् । गायनमा देबधन राई चौथो र हर्कमान सुन्दार पाँचौ घोषित भए ।

त्यसैगरी रोङ प्रतिभाको खोजी अन्तर्गत नै कविता तर्फ अनिश राई प्रथम तिलकराज कोइराला दोश्रो र साम्पोल गजमेर तेश्रो भएका छन् । कबितामा शुष्मा राई चौथो र तेजकुमारी चौलागाइ पाचौ घोषित भएका छन् । प्रतियोगितामा बिजयी सबैलाई आयोजकले नगद पुरस्कार, प्रमाण पत्र तथा मेडल र ट्रफी प्रदान गरेको थियो ।

यस अघि विभिन्न चरणमा भएका प्रतिस्पर्धाबाट कविता विधामा सामुएल गजमेर, अनिस राई, तिलकराज कोइराला, तेजकुमार चौलागाईं र सुस्मा राई फाइनलमा प्रवेश गरेका थिए । यस्तै, गायन विधातर्फ सौगात सुब्बा, हर्कमान सुन्दास , एलिना राई, अर्जुन खड्का र देवधन राई फाइनलका लागि छानिएका थिए । नृत्य विधामा निस्ता राई , प्रज्ञा भुजेल, आरध्य अर्याल, सोनु लावती र सरस्वती मुखिया फाइनलमा प्रवेश गरेका थिए । गाउँपालिकामा लुकेर रहेको प्रतिभाको खोजी गर्न पालिकाले सञ्चालन गरेको यो प्रतियोगिताको कलाकर्मीहरूले स्वागत गरेका छन् ।

यो प्रतियोगिताको लागि गाउँपालिकाले नीति तथा कार्यक्रममा बजेटको ब्यबस्था गरेर आगामी वर्ष हिउँदकै समयमा सञ्चालन गर्ने गाउँपालिका अध्यक्ष मणिकुमार स्याङबोले बताए ।

### बुद्धशान्तिमा...

सबैभन्दा लामो र नेपालको तेस्रो लामो पुल हुने बताइएको छ । यस अघि सुदुरपश्चिमको दोधारा चाँदनी झोलुङ्गे पुल र पर्वत जिल्लाको कुश्मामा रहेको झोलुङ्गे पुल यो भन्दा लामो रहेको छ ।

पुलको शिलान्यास कार्यक्रममा प्रदेशसभा सदस्य गोपाल तामाङ, प्रदेश सभा सदस्य निर्मला तावा, बुद्धशान्ति गाउँपालिका अध्यक्ष मनोज प्रसाईं, मिक्लाजुङ अध्यक्ष बबीकुमार राई, चुलाचुली गाउँपालिका अध्यक्ष राजेन्द्र केरूङ, झापा जिल्ला प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोला, भुमि आयोग केन्द्रिय अध्यक्ष केशव निरौला, बुद्धशान्ति गाउँपालिका उपाध्यक्ष भवानी प्रसाद खतिवडा, नेपाली कांग्रेस झापा सभापति देउमान थेवे, भुमि आयोग झापा जिल्ला अध्यक्ष तिलक पाण्डे, बुद्धशान्ति गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत विनोद पोखरेल, सात वटै वडाका वडा अध्यक्ष, जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, कार्यपालिका सदस्य, विभिन्न संघसंस्थाका प्रतिनिधि, सञ्चारकर्मी, सुरक्षाकर्मी, स्थानीय नागरिक लगायतको उपस्थिति रहेको थियो ।

वडा नं ७ का वडा अध्यक्ष चन्द्रप्रसाद भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा वडा नं. ६ का वडा अध्यक्ष शिवराज पौड्यालले स्वागत गरेका थिए । कार्यक्रमको सञ्चालन बुद्धशान्ति वडा नं. ७ का वडा सदस्य सष्टकुमार राईले गरेका थिए ।

### बिर्तामोड...

'तेस्रो पक्षको नाममा हस्तान्तरण भइसकेको उक्त जग्गा प्राप्ति (जफत) को लागि अहिले विवादित प्रश्नसमेत नरहेको हुँदा सो ५१ बिघा जग्गा जफततर्फ अहिले बोलिरहन परेन ।'

तर, सरकारी अधिकारीहरूले भने हदबन्दी बढीको जग्गा बेच्नै नपाउने मान्यतालाई सर्वोच्च अदालतले स्थापित गरेको बताउँदै आएका छन् । जुन प्रयोजन वा उद्देश्यका लागि जमिन भोगचलन गरिएको हो, त्यसो नगरेको अवस्थामा व्यक्ति वा कम्पनीले बेच्न नपाउने र स्वतः सरकारको हुने सर्वोच्च अदालतको प्रष्ट फैसला छ ।

५१ विघा जग्गाको स्वामित्वका विषयमा सर्वोच्च अदालतले गरेको फैसला प्रष्ट नभएको सरोकारवालाको जिकिर छ । फैसलाको पूर्णपाठ सार्वजनिक भएपनि त्यसको थप व्याख्या जरूरी भएको स्थानीय तहका जनप्रतिनिधिले बताउँदै आएका छन् । 'सर्वोच्च अदालतको फैसलाले परिस्थिति थप पेचिलो भएको छ', बिर्तामोड नगर प्रमुख पवित्रा महतारा प्रसाईले भनिन्, 'अदालतको फैसला दोहोरो अर्थमा आएजस्तो लाग्छ ।'

गिरीबन्धु टी स्टेट प्रालिले मन्त्रिस्तरीय निर्णयका आधारमा २०५२ जेठमा आफ्नो भगिनी संस्थाको रूपमा रहेको नाज टी स्टेटलाई शेयर लगानीको रूपमा ५१ विघा जग्गा हक हस्तान्तरण गरेको थियो । मन्त्रिपरिषद्को २०६० असार १६ गते बसेको बैठकले उक्त जग्गालाई सार्वजनिक तथा निजी प्रयोजनका लागि बेच्न दिने निर्णय गरेपछि चिया बगान फाँडेर त्यहाँ बस्ती बसाइएको छ । सरकारी अनुमतिमा बेचबिखन भएको उक्त जग्गामा बसपार्क समेत निर्माण भएको छ । निजी लगानीको एउटा इञ्जिनियरिङ कलेज मात्र होइन, उक्त क्षेत्रमा साना ठूला एकसय भन्दाबढी होटल खुलेका छन् ।

जग्गा धितो राखेर बैँक तथा वित्तिय संस्थाबाट ऋण लिएर व्यापार व्यबसाय गर्नेको संख्या पनि ठूलो छ । भारतीय दूतावासको सहयोगमा निर्माण भएको बसपार्क क्षेत्र वरपर पाँचसय भन्दाबढी घर निर्माण भइसकेको बसपार्क व्यबस्थापन समितिका सचिव शिवप्रसाद पौडेल बताउँछन् । 'सर्वोच्चको फैसलाले स्थानीय बासिन्दाको भोकतिर्खा हराएको छ', सचिव पौडेलले भने, 'हामी ऐलानी जग्गामा बसेका होइनौँ । हाम्रो सम्पत्तिको सुरक्षा गर्ने जिम्मा राज्यको हो ।'

अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेवसिंह गोम्देन बसपार्क क्षेत्रको जग्गाको किनबेच तुरून्त खुला गरिनुपर्ने बताउँछन् । उनले त्यहाँका बासिन्दालाई कुनै हालतमा विस्थापित हुन नदिने बताए । 'हिजो राज्यले बैधानिकता दिएर जग्गाको बिक्री वितरण भएको छ, आज कसैले हटाउन खोज्छ भने हामी प्रतिवाद गर्छौं', नगर प्रमुख गोम्देनले भने । बसपार्कको विकासमा सरकारी लगानी समेत भएको स्पष्ट पार्दै उनले खाडी मुलुकमा रगत पसिना बगाएर होस् वा पहाडमा बीसौँ रोपनी बेचेर बसपार्क वरपर घरजग्गा किनेकाहरूको सम्पत्तिको सुरक्षा गर्ने जिम्मेवारी आफूहरूको भएको बताए ।

फैसलापछि बैंक तथा वित्तिय संस्थासँगको कारोबारमा पनि समस्या भएको स्थानीयले बताउँदै आएका छन् । निजी प्रयोजनका लागि वडाले सिफारिस दिए पनि मालपोल, भूमिसुधार लगायतका सरकारी कार्यालयले त्यसलाई अस्वीकार गर्दै आएका छन् । 'मेयर साबले, जनतालाई किन दुःख दिएको भन्नुहुन्छ । हाम्रो तहबाट मात्र समस्या समाधान होला जस्तो लाग्दैन', मालपोत प्रमुख भण्डारीले भने, 'कि मलाई कार्वाही गर्नुस् । मैले विभागीय निर्देशन मागेको एक महिना भयो । अझै लिखित निर्देशन आएको छैन् ।'

झापाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलाले बिर्तामोड बसपार्क वरपरको जग्गा राष्ट्रियकरण हुनुपर्छ भनेर आफूले अहिलेसम्म नसुनेको बताए । 'सर्वोच्च अदालतको फैसला कानूनसरह बाध्यकारी भए पनि व्याख्यामा ढिलाई भएजस्तो लाग्छ', प्रजिअ बाँस्तोलाले भने, 'यसमा जनताको कुनै कानूनी त्रुटि छैन् । राज्यले लिने हो भने जनतालाई क्षतिपूर्ति दिनुपर्छ ।'

# एसईईमा उत्कृष्ट जिपिए ल्याउने विद्यार्थीलाई सम्मान

**बुद्धशान्ति ।** बुद्ध आदर्श माध्यमिक विद्यालय बुद्धशान्ति–१ झापाले गत शैक्षिक सत्र २०८०को एसईईमा उत्कृष्ठ जिपिए ल्याउने विद्यार्थीलाई बधाई तथा शुभकामना दिंदै सम्मान गरेको छ ।

विद्यालय शिक्षक अभिभावक संघका अध्यक्ष राजेन्द्र राईको अध्यक्षतामा भएको कार्यक्रममा औचित्यमाथि प्रकाश पार्दै विद्यालयका प्रधानाध्यापक कृष्णराज भण्डारीले उत्कृष्ट जिपिए ल्याउने विद्यार्थीलाई शुभकामना दिंदै आगामी शैक्षिक यात्राको शुभकामना दिएका थिए । उनले विद्यालयको नाम उच्च राख्दै देशकै सक्षम नागरिक बन्ने लक्ष्यका साथ अघि बढ्नका



लागि विधार्थीहरूलाई उत्कृष्ठ शिक्षण सिकाइ, कंम्प्यूटर तथा प्रविधिमैत्री शिक्षण सिकाई, विज्ञान प्रविधिमा ल्याब कक्षाको व्यबस्थापन, बालमैत्री पुस्तकालयको व्यवस्था, दिवा खाजाको व्यबस्था, त्रैमासिक रूपमा अभिभावकसंग छलफल र अन्तरक्रिया, हरेक हप्ता अतिरिक्त क्रियाकलापमा सहभागी गराउँदै हरेक क्षेत्रमा अब्बल बनाउन विद्यालयले गरेको प्रयासको नतिजानै एसईई परिक्षा भएको बताएका छन् । कार्यक्रममा वडा नं. १ का वडा सदस्य लक्ष्मी कंडेल, विद्यालय व्यबस्थापन समितिका सदस्य चन्द्रप्रकाश कोईराला, गंगा आचार्य लगायतले शुभकामना दिएका थिए । कार्यक्रममा विद्यालयका शिक्षक दिपक बुढाथोकीले स्वागत गरेका थिए भने सञ्चालन शिक्षक माधब बरालले गरेका थिए ।

# चुल्ठे सामुदायिक वनमा वृक्षारोपण

**बुद्धशान्ति ।** चुल्ठे शान्तिनगर सामुदायिक वन उपभोक्ता समिति बुद्धशान्ति ५ मा बृक्षारोपण गरिएको छ । प्रमुख अतिथि वन तथा पर्यापर्यटन राज्य मन्त्री अनिसा झागरले बृक्ष रोपेर कार्यक्रमको उद्घाटन गरेकी थिइन् । उद्घाटन पश्चात बोल्दै मन्त्री झागरले सामुदायिक वनले जंगल जोगाउँदै जीवजन्तु समेत जोगाउन लाग्नुपर्ने बताइन् । उनले पूर्वमा आउँदा जहाँ टेके पनि पर्यटकीय क्षेत्र भएकाले अब दिगो गुरुयोजना बनाएर लाग्नुपर्नेमा जोड दिइन् ।

वन समितिले एक कार्यक्रमको आयोजना गरी बुद्धशान्ति–५ र ६ साथै रोङ गाउपालिका वडा नं.–५ को संगम स्थलमा चुल्ठे सामुदायिक वनको खाली जमिनमा वृक्षारोपण सुरु गरेको हो । वन समितिका अध्यक्ष प्रदिपदेव खतिवडाको अध्यक्षतामा कार्यक्रम गरिएको थियो ।

समितिले मरिच, अम्बा, आँप, बाह्रमासे कटहर, अमला, टिक, मलेसियन साल, बाँस गरि करिब ५ हजार बिरूवा रोप्ने सुरुवात गरिएको संस्थाका सचिव चुडामणी न्यौपानेले बताए ।

# विद्युत सर्ट भई आगलागी हुँदा ३ लाखको क्षति

**बुधबारे ।** विद्युत सर्ट भई आगलागी हुँदा झापाको बुद्धशान्ति–२ जयपुर बस्ने मनोरथ पोखरेलको गोठ जलेर नष्ट भएको छ । पोखरेलको घरनजिकै रहेको काठ र टिनबाट बनेको गाई गोठमा बिद्युत सर्ट भई अचानक आगलागी भएको थियो ।

आगलागीबाट गोठ, गोठमा राखेको पराल, सखुवाको काठ ३० क्यूफिट, कुटि काट्ने मेसिन र मकै ३० मन गरी अन्दाजी मूल्य रू. ३ लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय बुधबारेको टोली, स्थानीयवासी, घरपरिवार, मेचीनगर र बिर्तामोड नगरपालिकाको दमकलको सहयोगमा आगो नियन्त्रणमा आएको थियो ।

# सहकारीका असल ऋणीले ३ महिनाका लागि कर्जा पुनर्तालिकीकरण गर्न पाउने

**झापा (पालिका सन्देश) ।** खराब ऋणीको सूचीमा नपरेका सहकारीका ऋणीले पाकेको ब्याजको ५० प्रतिशत भुक्तानी गर्दा ३ महिनाका लागि कर्जा पुनर्तालिकीकरण गर्न पाउने भएको छ । सहकारी विभागले एक निर्देशन जारी गर्दै यसरी कर्जा पुनर्तालिकीकरण गर्दा यसअघि यस्तो सुविधा नलिएका ऋणीको मात्रै उक्त सुविधा पाउने विभागले जनाएको छ ।

परिस्थितिजन्य कारणले समस्यामा परी कर्जालाई नियमित गर्न नसकेका ऋणीलाई कर्जा चुक्ता गर्न परेको कठिनाइलाई दृष्टिगत गरी ऋणी सदस्यलाई परेको प्रभाव मूल्यांकन गरी सदस्यको माग, आवश्यकता र औचित्यता समेतको आधारमा कर्जा पुनर्तालिकीकरण गर्न सकिनेछ ।

निर्देशनमा भनिएको छ, 'यसरी पुनर्तालिकीकरण गर्दा गत वर्ष खराब ऋणीको सूचीमा नपरेका र यसअघी यस्तो सुविधा नलिएका ऋणीको हकमा मात्र कर्जामा पाकेको ५० प्रतिशत ब्याज भुक्तानी गरेमा बाँकी सावाँलाई ३ महिनाको अवधिका लागि पुनर्तालिकीकरण गर्न सकिनेछ ।'

# यस वर्ष पनि सरकार ३ खर्ब १९ अर्ब घाटामा

**झापा ।** बजेट कार्यान्वयनको सन्दर्भमा यो वर्ष पनि सरकार ३ खर्ब १९ अर्बमाथिले घाटामा गएको छ । चालु आर्थिक वर्षको अन्तसम्ममा सरकारले उठाएको राजस्व र खर्चको स्थितिलाई हेर्दा सरकार ३ खर्ब १९ अर्ब ९१ करोड ५२ लाख रूपैयाँ खुद घाटामा गएको हो ।

२०८० असार २४ गतेसम्म सरकारले जम्मा १० खर्ब २ अर्ब ६८ करोड ६७ लाख रूपैयाँ राजस्व उठाउँदै यता १३ खर्ब २२ अर्ब ६० करोड १९ लाख रूपैयाँ बजेट खर्च गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन अनुसार सरकारले आर्थिक वर्षको अन्तिम महिनाको कम्तीमा एक हप्ता अघि भुक्तानी रोक्नुपर्ने व्यबस्था छ । सोही व्यबस्था बमोजिम सरकारी कार्यालय, विभाग तथा मन्त्रालयहरूले असार २४ गते राति १२ बजेसम्म काटेको चेक तथा भुक्तानीका आधारमा यस्तो देखिएको हो ।

यद्यपि, यता राजस्व भने असार मसान्तसम्म नै उठाइने हुँदा केही बढ्ने नै छ । आर्थिक वर्षका लागि सरकारले १७ खर्ब ५१ अर्ब ३१ करोड रूपैयाँ बराबरको अनुमानित बजेट ल्याएको सरकारले खर्च बेहोर्ने स्रोतको रूपमा राजस्वबाट १४ खर्ब ७२ अर्ब ४८ करोड उठाउने लक्ष्य राखेको थियो । अघिल्लो आर्थिक वर्ष २०७९/८० का लागि १७ खर्ब ९३ अर्ब ८३ करोड रूपैयाँ बराबरको वार्षिक बजेट ल्याएको सरकारले ३ खर्ब ९७ अर्ब ८७ करोड १९ लाख रूपैयाँ घाटा बेहोरेको थियो । आर्थिक वर्षका लागि १४ खर्ब ५८ अर्ब ६० करोडको लक्ष्य राखिएकोमा सरकारले आर्थिक वर्षको अन्तसम्ममा जम्मा १० खर्ब ३१ अर्ब ६९ करोड रूपैयाँ राजस्व उठाउन सकेको थियो । तर यता खर्च भने १४ खर्ब २ ९ अर्ब ५६ करोड रूपैयाँ भएको थियो ।

तुलनात्मक रूपमा अघिल्लो वर्षभन्दा यो वर्ष बजेट घट्दा पनि राजस्वको स्रोत खुम्चिन पुग्दा बजेट घाटाको शृत्ला पुनः दोहोरिएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार अघिल्लो वर्षको तुलनामा यो वर्ष बजेट घाटा ७७ अर्ब ९५ करोडले कम भएको छ ।


“वन डढेलो नियन्त्रण गरौं, जैविक विविधताको संरक्षण गरौं”

सुख्खायाम लागेसँगै वन जंगलमा डढेलो लगाईने गतिविधि जिम्मेवार नागरिकका लागि अशोभनीय कार्य हुन्। जिम्मेवार नागरिकहरुले यस्ता कार्यको विरुद्ध सबैलाई सचेत गराऔं। वन जंगल तपाईं हामी सबैको साझा सम्पति हो। सबै मिलि यसको संरक्षण गरौं। वातावरण संरक्षण तपाईं हाम्रै जिम्मेवारी हो।

अनुरोधकर्ता :
**आर्दश नमुना सामुदायिक वन उपभोक्ता समूह**
बुद्धशान्ति, झापा


# मानिसको टोकाइबाट सर्पको मृत्यु

**पालिका सन्देश ।** भारतको बिहार राज्यमा एक व्यक्तिले सर्पलाई डसेर विषको स्वाद चखाएका छन् ।

स्थानीय सञ्चारमाध्यमका अनुसार राजौलीमा रेलमार्ग परियोजनामा काम गर्ने सन्तोष लोहार यसै साताको सुरूमा आधार शिविरमा सुतिरहेका थिए । विषालु ठानिएको एउटा सर्पले सुतेको मानिसलाई खाजा खाने निर्णय गर्‍यो र पालभित्र पस्यो र सुतिरहेको मानिसलाई डस्यो । सन्तोषले उठेर आफूलाई डस्ने सर्पलाई फलामको रडले हिर्काएर र धेरै पटक त्यस सर्पलाई टोके । सर्प गम्भीर घाइते भयो र घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

मजदुरले उल्टै सर्पलाई टोक्नुलाई स्थानीय रीतिरिवाजअनुसार उपचार गरेको दाबी मजदुरले गरे । उनले भने, मेरो गाउँमा कसैलाई सर्पले डस्यो भने सर्पको विषलाई निष्प्रभावी पार्न आफूलाई टोक्ने सर्पलाई नै दुई पटक टोक्नु पर्छ भन्ने मान्यता छ । आफूले पनि त्यही विश्वासमा सर्पलाई टोकेको बताए ।


**बि एण्ड बि क्याटरिङ एण्ड टेण्ट हाउस**

विवाह, पार्टी, ब्रतबन्ध, पुराण, बनभोज, पास्नी, गुन्युचोली, सभा-समारोह सबै कार्यक्रममा स्तरीय, स्वादिष्ट खाना र रोजाइ अनुसारको परिकारका लागि सधैं सम्झनुहोस् ।



हाम्रा सेवाहरू :
क्याटरिङका आधुनिक र स्तरीय सामग्री, दक्ष अनुभवी कालीगढ, टेण्टका सम्पूर्ण सेट, शुद्धता, सरसफाई र क्याटरिङको आर्कषक उत्कृष्ट सजावट ।

*नोट : साउण्ड सिस्टम, डिजेको समेत सुविधा छ ।*

**प्रो. सोमनाथ भट्टराई**
मो.नं. ९८४२६९९२१४/९८१५०५१८५२/९८१२८६५२५३
बुद्धशान्ति-३, बुधबारे (झापा) ।



**अस्मिता ज्वेलर्स**

बुद्धशान्ति–३, बुधबारे झापा
शाखा साविक बुधबारे ७ नं चोक

**प्रो. धन बहादुर लकान्द्री : ९८४२७६१७६०**
**प्रो. अभिशेक लकान्द्री : ९८१५९८५३९७**

यहाँ सुनचाँदीका आकर्षक गरगहनाहरु अर्डर बमोजिम ग्यारेन्टीका साथ तयार गर्नुका साथै खरिद-बिक्री गरिन्छ ।


## तपाईंको साताको राशिफल




**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
यो साता शुभकार्यको चर्चा चल्नेछ। चलाखीपूर्ण बोलीले गरेको कार्य सिद्ध हुनेछ। मन पर्ने व्यक्तिलाई सहयोग गर्न पनि पाइनेछ। धर्मकर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)**
यो साता पुनर्मिलनको विशेष योग रहेको छ। नयाँ र शुभकार्यको चर्चा पनि चल्नेछ। सूचना, प्रविधि र वैदेशिक क्षेत्रको व्यवसाय फस्टाएर जानेछ। बुद्धिको उपयोग गर्दा जटिल ठानिएको कामसमेत सम्पादन हुनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, हा)**
यो साता धार्मिक र सांस्कृतिक कार्यमा सरिक भइनेछ। माया प्रेममा सामीप्यता बढेर जानेछ। चलाखीपूर्ण बोलीले कार्य सिद्ध हुनेछ। राजनैतिक र सामाजिक क्षेत्रबाट जनताको गतिलो समर्थन पाइनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
यो सातामा राम्रो नतिजा हातपार्न काम दोहोर्याउनुपर्छ। मनमा उत्पन्न शंका तथा डरका कारण बनिसकेको काममा दुबिधा उत्पन्न हुन सक्छ। पूर्व योजित यात्राका योजना विफल हुनसक्छ। शैक्षिक क्षेत्र पनि कमजोर रहने देखिन्छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
यो साता वस्त्र एवं अलंकार प्राप्ति हुनेछ। स्वादिष्ट भोजनको आनन्द समेत पाइएला। वैदेशिक वा कूटनीतिक नियोगको काम अघि बढ्नेछ। कृषि कार्यका कमहरू सहजै सम्पन्न हुनेछन्। शेयर बजार या पुँजी बजारले पनि साथ दिनेछ।

**कन्या (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो)**
यो सातामा लामो समयदेखि रोकिएका अधुरा कार्यहरूको सुरुवात हुनेछन्। नजिकका व्यक्तिबाट कार्यमा सहयोग मिल्नेछ। अध्ययन वा कामको सिलसिलामा विदेशमा हुनुहुन्छ भने समयले साथ दिनेछ।

**तुला (रा, रि, रु, रे, रो, ता, ति, तु, ते)**
यो हप्ता शुभ चिन्तकहरूले पूर्ण समर्थन प्रदान गर्नेछन्। मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ। पुनर्मिलनको योग पनि रहेको छ। विशिष्ट व्यक्तिको भेटघाटले मन प्रसन्न हुनेछ। प्राविधिक, बिमा क्षेत्र र कृषिकार्यको व्यवसाय फस्टाएर जानेछ।

**वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
यो साता अरूको भरले मात्र उद्देश्य पूरा नहुन सक्छ। मन सम्हाल्न आवश्यक हुनेछ, जे काम गर्नुहुन्छ होसियारी पूर्वक गर्नुहोला। आफूलाई कमजोर भएको अनुभूति हुनेछ। निर्णायक क्षमतामा कमी आउनेछ। सौन्दर्यतामा धन खर्च हुनेछ।

**धनु (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे)**
यो हप्ता भ्रमणको योजनाहरू बन्नेछन्। प्रेम जीवन सबल र सफल हुनुका साथै आम्दानीका स्रोत बढ्नेछन्। वैदेशिक कार्य पनि अघि बढ्नेछ। परिवारमा सुख सन्तोष छाउनेछ। समाजमा कीर्तिमानी काम गर्ने समय छ।

**मकर (भो, जा, जि, जु, जे, जो, ख, खि, खु, खे, खो, गा, गि)**
यो साता नयाँ र शुभ कार्यको योजना बन्नेछ। रमणीय र सुखद् यात्राको योग छ। धार्मिक, सामाजिक र अरुको हित हुने काममा समय व्यतीत हुनसक्छ। आफन्त तथा दिदी बहिनीहरूले पनि सहयोग गर्नेछन्।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा)**
रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ। नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ। प्रेममा जीवनमा सफलता प्राप्त हुनेछ, तर स्वास्थ्यको ख्याल गर्नु पर्नेछ। राजनैतिक तथा समाजसेवामा जनताको गतिलो समर्थन हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि)**
यो साता अरुले गरे भनेका कुरामा चित्त नबुझ्न सक्छ, संयमता अपनाउनु होला। सरकारी तथा प्रशासनिक काम गर्दा झन्झट बेहोर्नु पर्नेछ भने सरकारी ओहोदामा बसेर सेवा प्रवाह गर्नेहरूले दुःख दिन सक्छन्।